प्रतिदिन
१६औं वार्षिकोत्सव

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : ९५ ॥ २०८१ जेठ ०२ गते बुधबार (15th May 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# राष्ट्रपतिद्वारा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत

झापा(प्रस) । संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । बैठकको शुभारम्भमा राष्ट्रपति पौडेललाई प्रधानमन्त्री पुष्पकमल दाहालले सकारको आगामी आवको नीति तथा कार्यक्रम पेस गरेका थिए । राष्ट्रपति पौडेलले संसद्को संयुक्त बैठकमा वाचन गरेको सरकारको आगामी वर्षको नीति तथा कार्यक्रममा राखिएका मुख्य प्रावधान यस्ता रहेका छन् । बैंक तथा वित्तीय संस्था, लघुवित्त, सहकारी, बिमा र पुँजीबजारमा देखिएका समस्या समाधान गर्न विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझाव कार्यान्वयन गरिनेछ । लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचना गरिनेछ ।



- सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । सहकारी संस्थाको सघन सुपरीवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिनेछ । सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिनेछ ।
- गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौंडा कपडा उद्योग लगायतका बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक-निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिनेछ ।
- आगामी आर्थिक वर्ष नेपालको कन्ट्री रेटिङ सम्पन्न गरिनेछ ।
- आगामी आर्थिक वर्षभित्र गरिब घरपरिवार पहिचान कार्य सम्पन्न गरिनेछ । पहिचान भएका गरिबको स्थानीय तहमार्फत निःशुल्क बिमा गरिनेछ । गरिबीको रेखामुनि रहेका घरपरिवारका लागि विद्युतीय चुलो, ट्यूबवेललगायतका सामग्री उपलब्ध गराइनेछ ।
- आयोजनाको कार्यान्वयन प्रगतिका आधारमा सम्पन्न गर्ने, निरन्तरता दिने, स्थगन गर्ने वा खारेज गर्ने नीति लिइनेछ । कार्यान्वयनमा रहेका तर अपेक्षित गति नलिएका सम्भाव्य आयोजना सार्वजनिक-निजी साझेदारी अवधारणामा सञ्चालन गर्ने प्रक्रिया अघि बढाइनेछ ।
- खरिद कानुनमा पुनरावलोकन गरी खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र विकासमैत्री बनाइनेछ ।
- अध्ययन अनुसन्धानसम्बन्धी राष्ट्रिय नीति, मापदण्ड र आचारसंहिता तयार गरिनेछ । सबै प्रकारका अध्ययन, अनुसन्धान तथा नवप्रवर्तनको परीक्षण र स्वीकार्यताको मापदण्ड तयार गरिनेछ ।
- राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गरिनेछ । तीनै तहबाट उत्पादित तथ्याङ्क तथा सूचना राष्ट्रिय तथ्यगत विवरण प्रणालीमा समावेश गरी आवश्यक तथ्याङ्क सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
- तीनवटै तहका सरकार, निजी क्षेत्र, सहकारी र समुदायको साझेदारीमा 'उत्पादन र रोजगारीका लागि साझेदारी' कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक वर्ष २०८१/८२ को दशकलाई 'कृषिमा लगानी दशक' घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गरिनेछ ।
- उत्पादन चक्र सुरु हुनुपूर्व नै आधारभूत कृषि उपज तथा पशुजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिनेछ ।
- सम्भाव्यताको आधारमा महानगर तथा उप-महानगरपालिकाहरूमा चिस्यान कक्षसहितका बहुतले कृषि तथा फलफूल थोकबजार सञ्चालनमा ल्याइनेछ ।
- युवा कृषक तथा उद्यमीहरूसँगको साझेदारीमा वडास्तरमा नमूना फार्म स्थापना गरी सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।
- फलफूल नर्सरी र बेर्ना रोपणलाई व्यापक रूपमा विस्तार गरी पाँच वर्षभित्र देशलाई फलफूलमा आत्मनिर्भर बनाइनेछ । दुई वर्षभित्र पशुपन्छी तथा मत्स्य उत्पादनमा पूर्ण आत्मनिर्भरता हासिल गरिनेछ ।
- तीनै तहका सरकार र निजी क्षेत्रको सहकार्यमा प्रत्येक प्रदेशमा कम्तीमा १ हजार गाई भैंसीपालन क्षमताको पूर्वाधारसहित स्रोत केन्द्र विकास गरिनेछ ।
- हिमाली क्षेत्रमा भेडाबाख्रा, च्याङ्ग्रा, चौंरी लगायतका पशुपालन एवं स्याउ, ओखरजस्ता फलफूल र जडीबुटीका ठूला फार्म सञ्चालन गर्न 'हिमाल समृद्धि कार्यक्रम' सञ्चालन गरिनेछ ।
- आगामी आर्थिक वर्षमा थप १५ हजार सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गरिनेछ । तराई-मधेसका तीन लाख १८ हजार हेक्टर खेतीयोग्य जमिनमा क्लस्टरमा आधारित स्यालो तथा डिप ट्यूबवेलबाट सिँचाइ सेवा विस्तार गरिनेछ ।
- कर्णाली प्रदेशमा 'एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम' कार्यान्वयन गरिनेछ ।
- आगामी आर्थिक वर्षमा पाँच लाख

❖ बाँकी तेस्रो पृष्ठमा

# प्रतिनिधिसभा बैठकमा कांग्रेसको अवरोध



झापा(प्रस) । प्रतिनिधिसभाको मंगलबार साँझ बसेको बैठक कांग्रेस सांसदहरुले अवरोध पुर्‍याएका छन् । बैठक प्रारम्भ भएको सभामुखले घोषणा गर्नासाथ कांग्रेस सांसदहरु वेल घेराउ पुगेका थिए । उनीहरुले 'सहकारी पीडितलाई न्याय दे', 'सहकारी ठगलाई कारबाही गर', 'संसदीय छानबिन समिति गठन गर' लगायत नारा लगाएका थिए ।

सभामुख देवराज घिमिरेले राष्ट्रपतिलाई धन्यवाद दिने, संसद्का विभिन्न कार्यसूची रहेको भन्दै कांग्रेस सांसदहरुलाई आफ्नो स्थानमा बस्न आग्रह गरेका थिए । तर, सभामुख घिमिरेको पटक-पटकको आग्रहलाई कांग्रेस सांसदहरुले नमानेपछि बैठक जेठ ३ गते बिहीबार बिहान ११ बजेसम्मका लागि स्थगित गरिएको छ ।

मंगलबारको संयुक्त सदनमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा धन्यवाद ज्ञापन गर्ने बैठकको कार्यसूची रहेपनि कांग्रेसले संसद अवरुद्ध पारेको हो । कांग्रेसको अवरोधका कारण राष्ट्रिय सभा बैठकमा पनि राष्ट्रपतिलाई दिने 'धन्यवाद प्रस्ताव' पेस हुन सकेन ।

कांग्रेसले सहकारी रकम हिनामिना प्रकरणमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेमाथि संसदीय समितिको माग राखेर संसद अवरुद्ध पार्दै आएको छ । मंगलवारको संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत हुन दिइए पनि त्यसपछि बसेको बैठक चल्न दिएको हो ।

# सहकारीको अर्बौं डुबाउने गृहमन्त्रीबाट के आश गर्नु ? एमाले नेता भट्टराई

• **विनोद सापकोटा**
झापा, जेठ १ ।

नेकपा एमालेका पोलिटब्युरो सदस्य विशाल भट्टराईले इलामको संघीय र बझाङको प्रदेश निर्वाचनको मतपरिणामले नेकपा एमाले मुलुककै सर्वश्रेष्ठ राजनीतिक पार्टी प्रमाणित भएको दावी गरेका छन् । उनले नेकपा एमाले अन्य राजनीतिक पार्टीको पनि नेता पार्टी भएको दावीसमेत गरे ।



नेकपा एमालेको जनवर्गीय संगठन राष्ट्रिय युवा संघ नेपालको ३५औं स्थापना दिवसको अवसरमा झिलझिलेमा आयोजित सातौं पूर्ण बैठकको उद्घाटन गर्दै नेकपा एमाले झापाका इन्चार्जसमेत रहेका भट्टराईले इलाम र बझाङको मतपरिणामले मूलतः नेपालमा स्थापित राजनीतिक दलका लागि तीनवटा महत्वपूर्ण सन्देश दिएको बताए ।

उनले भने,'नेकपा एमालेले कुनै पनि हालतमा निर्वाचन जित्दैन भन्नेहरूका लागि इलाम र बझाङको मतपरिणामले पहिलो शक्तिका रुपमा नेकपा एमाले स्थापित भएको प्रमाणित गरेको छ ।' भट्टराईले नयाँ शक्ति अर्थात् रवि लामिछानेले नेतृत्व गरेको घण्टी चुनाव चिन्हको राष्ट्रिय स्वतन्त्र पार्टीले जहाँ उम्मेदवार उठायो, त्यहाँ चुनाव जित्यो भन्ने पछिल्लो जनलहर भ्रमका रूपमा सिद्ध रहेको बताए । उनले भने 'पहिचानको मुद्दा लिएर निर्वाचनमा होमिएको एउटा क्षेत्रीय शक्तिलाई पनि उछिन्न नसक्नु कस्तो खालको राष्ट्रिय पार्टी हो ।खहरे भेल आउँछ तर छोटो समयमा स्याप्पै सुक्छ । राष्ट्रिय स्वतन्त्र पार्टी पनि त्यस्तै देखिन थालेको छ ।'

उनले हाम्रो पार्टी सरकारमा गयो भने भ्रष्टाचारका ठुला फायल खोल्ने र

❖ बाँकी अन्तिम पृष्ठमा

# काबेली कोरिडोरमा करेन्ट लागेर कामदारको मृत्यु

इलाम(प्रस)। इलामको काबेली कोरिडोरको ट्रान्सफर्मर जडान गर्ने क्रममा करेन्ट लागेर एक कामदारको मृत्यु भएको छ । सोमवार साँझ ७ बजेको समयमा इलाम माई नगरपालिका ६ साँघुरी बस्ने अन्दाजी बर्ष ३१का शक्तिकुमार राईलाई काबेली कोरिडोरको ट्रान्सफर्मर जडान गर्ने क्रममा एक्कासी करेन्ट



लागेको थियो । घाइते राईलाई उनका काका मनिराज राईले उपचारको लागि माई अस्पतालमा ल्याएका थिए । उपचारका क्रममा उनको राति ८.२० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामका प्रवक्ता डीएसपी प्रकाश जवेगूले बताए । राई ज्यालामा काबेली कोरिडोरमा काम गर्दै आएका थिए । उनलाई ठेकेदार गजेन्द्र मिश्रले काममा लगाएका थिए ।

# एकै परिवारका पाँचसहित ८ जना हात्तीपाइले संक्रमित

दमक(प्रस)। झापाको दमकमा एकै परिवारका पाँचसहित आठजनामा हात्तीपाइले रोग भेटिएको छ । हात्तीपाइलेविरुद्ध आम औषधि सेवनको क्रममा हात्तीपाइले रोगको संक्रमण भएका बिरामीहरु भेटिएका हुन् । दमक वडा नम्बर ९ मा एकै परिवारका पाँचजनामा हात्तीपाइले रोगको संक्रमण रहेको पाइएको हो ।



घरमुली र परिवारका अन्य सदस्यसहित तीन महिला र दुई पुरुषमा हात्तीपाइलेको लक्षण देखिएको दमक नगर स्वास्थ्य शाखाका प्रमुख नगेन्द्र भट्टराईले बताए । आमाबाहेक अन्य सदस्यहरु घर बाहिर रहेका छन् ।

घरमा रहेका सदस्यलाई औषधि सेवन गराई आसपासमा जाँच तथा औषधि सेवनलाई प्रभावकारी बनाउन स्वास्थ्यकर्मीहरु परिचालन गरिएको भट्टराईले जानकारी दिए ।

त्यस्तै दमकको वडा नं १ मा दुईजना र वडा नं ६ मा एकजना हात्तीपाइले रोगी भेटिएको स्वास्थ्य शाखाले जनाएको छ । दमक नगरपालिकाले बैशाख १६ देखि ३० गतेसम्मको पहिलो चरणको आम औषधि सेवन अभियानमा ८१ हजार ७३६ अर्थात ७२.९५ प्रतिशतलाई औषधि गराएको छ । थपिएको १० दिनको समयमा लक्ष्यअनुसारको औषधि सेवन गराउने स्वास्थ्य प्रमुख भट्टराईले जानकारी दिए । दमक नगरपालिकाले योपटक ९० प्रतिशत पुर्याउने लक्ष्य लिएको छ । गत वर्ष दमक नगरपालिकामा ८१ प्रतिशतले हात्तीपाइले रोगविरुद्धको औषधि खाएका थिए ।



# विश्वकप छनोटका लागि नेपाली फुटबल टोलीको घोषणा



झापा(प्रस)। विश्वकप छनोटको दोस्रो चरणअन्तर्गत संयुक्त अरब इमिरेट्स (युएई)विरुद्ध हुने खेलका लागि मंगलवार २८ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा भएको छ ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले प्रारम्भिक चरणमा २८ सदस्यीय खेलाडीको घोषणा गरेका हुन्। छनोट हुने नेपाली टोलीको गोलकिप्परमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार र सन्तोष महत रहेका छन् । त्यसैगरी रक्षकमा अभिषेक लिम्बू, अनन्त तामाङ, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, सौभाग्य राई, अजय चौधरी र योगेश गुरुङ छनोटमा परेका छन् ।

मिडफिल्डरमा भरत खवास, लकेन लिम्बू, मणिकुमार लामा, मनिष डाँगी, वसन्त जिम्बा, फत्तेमान घले, रोहन कार्की र सुमित श्रेष्ठ छन् भने फरवार्डमा अञ्जन विष्ट, दिनेश हेन्जन, जिलेस्पीजङ्ग कार्की, हिसुब थपलिया, समिर तामाङ र सञ्जीव विष्ट छन् ।

नेपाल र युएईबीचको खेल यही जेठ २४ गते दशरथ रङ्गशालामा हुने तय भएको थियो । तर दशरथ रङ्गशालाको मापदण्ड नपुगेको भन्दै एएफसी (एसियन फुटबल महासंघ) ले खेल ‘न्युट्रल भेन्यु’मा गर्न निर्देशन दिएको छ ।

# लागूऔषधसहित अटो चालक शेर्पा पक्राउ

झापा(प्रस) । काँकरभिट्टाको मेची पुलमा लागूऔषधसहित एकजना अटो चालक पक्राउ परेका छन् ।

सोमवार राति ९ बजेको समयमा मेचीनगर नगरपालिका ६ पुरानो मेची पुलमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले भारतको पानीट्याङ्कीबाट नेपालतर्फ आउँदै गरेको प्रदेश नं.१-०१-००२ ह



७९७ नम्बरको अटोलाई रोकेर अटो चालक ताप्लेजुङ मैवाखोला गाउँपालिका ४ घर भई हाल ईलामको माई नगरपालिका ४ दानाबारी बस्ने बर्ष ३१ का उमेश शेर्पालाई शंका लागेर चेकजाँच गर्दा उनको साथबाट प्लाष्टिकसहित ५ ग्राम १९० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।अटोसहित उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# कञ्चन स्कुलद्वारा नि:शुल्क योग शिविर



झापा(प्रस)। बिर्तामोड ७ स्थित कञ्चन इङ्लिस बोर्डिङ स्कुलको आयोजनामा मंगलवारदेखि नि:शुल्क योग शिविर शुरु भएको छ ।

पतञ्जलि योग नगरसमिति बिर्तामोडको सहकार्यमा १५ दिने योग शिविर संचालन गरिएको हो । शिविरलाई आज बिहान बिर्तामोड ७ का वडाध्यक्ष अविरल कृष्ण खरेलले उद्घाटन गरेका छन् । बिहान ४.३० देखि ६ बजेसम्म नि:शुल्क योग सिकाउन थालिएको कञ्चन इङ्लिस बोर्डिङ स्कुलका संचालक बद्री बाँस्कोटाले बताए । विद्यार्थी र अभिभावकहरुलाई योगको माध्यमबाट निरोगी बनाउन योग शिविर आयोजना गरिएको उनले जानकारी दिए ।

# सिकाइ उपलव्धी सुधारका लागि २१ बुँदे प्रतिवद्धता

बिर्तामोड(प्रस) । सिकाइ उपलब्धी सुधारका लागि विषयगत शिक्षकहरुको प्रथम नगरस्तरीय भेला बिर्तामोडमा सम्पन्न भएको छ । बिर्तामोड नगरपालिकाको आयोजनामा देवी माध्यमिक विद्यालयमा आयोजित भेलामा विभिन्न विषयगत नगरसमिति गठनसंगै सिकाइ उपलब्धी सुधारका लागि गरिएको प्रतिवद्धतापत्रमा हस्ताक्षर गरिएको छ।

२१ बुँदे प्रतिवद्धतापत्रमा नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, शिक्षा शाखा प्रमुख उपसचिव तिलचन भण्डारीलगायत भेलामा सहभागी सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुले हस्ताक्षर गरेका छन् ।

भेलाले नेपाली, अंग्रेजी, विज्ञान, गणित र सामाजिक विषयको नगरस्तरीय ७ सदस्यीय सञ्जाल गठन गरेको छ । जसको संयोजकमा नेपाली विषयतर्फ साङ्गवेद संस्कृत माध्यमिक विद्यालयका शिक्षक झलकप्रसाद काफ्ले, अंग्रेजी विषयतर्फ दुर्गा माध्यमिक विद्यालयका शिक्षक लक्ष्मण शिवाकोटी, विज्ञान विषयतर्फ



महेन्द्ररत्न माध्यमिक विद्यालयका शिक्षक लक्ष्मीप्रसाद प्रसाई, गणित विषयतर्फ देवी माध्यमिक विद्यालयका शिक्षक कृष्णप्रसाद पौडेल र सामाजिक विषयतर्फ ७ सदस्यीय समिति रहेको छ ।

भेलामा बोल्दै नगर प्रमुख प्रसाईले शिक्षण सिकाइ उपलब्धिमुलक बन्नुपर्नेमा जोड दिइन् ।कक्षा १२ भन्दा माथिका विद्यार्थी पढाइको सिलसिलामा विदेश गइरहेको भन्दै शिक्षाको गुणस्तर सुधार गर्दै लैजानु पर्ने उनको भनाई थियो । नगर प्रमुख प्रसाईले विद्यार्थीको मनोविज्ञानलाई बुझेर शिक्षकहरुले पठनपाठन गराउनु पर्ने जोड दिइन् ।

यस्तै नगर उपप्रमुख संग्रौलाले भेलामा लिखितरुपमा भएका प्रतिवद्धता कार्यान्वयन गर्न शिक्षकहरुलाई आग्रह गरे । उनले स्थानीय सरकाले लिएको शिक्षा नीतिलाई अवलम्वन गरेर अघि बढ्नु पर्ने धारणा राखे ।

शिक्षा शाखा प्रमुख उपसचिव तिलचन भण्डारीले भेलामा आगामी दिनमा विद्यालयको भौतिक, शैक्षिक विषयमा सुधार गर्नु पर्ने विषयमा छलफल भएकोले उपलब्धिमुलक बनेको बताए ।उनले शिक्षण सिकाइ शिक्षकभन्दा विद्यार्थीकेन्द्रित हुनु पर्ने धारणा व्यक्त गरे ।

शिक्षक महासंघ बिर्तामोडका सचिव उमा भण्डारीले भेला अत्यन्त फलदायी र गुणस्तर सुधारका लागि उपलब्धिमुलक रहेको बताए । कार्यक्रमले शिक्षकहरुको पेशागत हित र कौशलतालाई पनि सहयोग पुर्याउने बताए ।

यस्तै प्याव्सन बिर्तामोडका अध्यक्ष उत्तम खनालले आगामी दिनमा हरेक महिनाको अन्तिम आइतबार विद्यालय छुट्टी गर्न माग गरे । उनले सशस्त्र प्रहरीका छोराछोरीलाई छात्रवृत्ति दिन पर्ने अवस्था आएको भन्दै सरकारी जागिरेभन्दा विपन्न, गरिव असहायका छोराछोरीलाई छात्रवृत्ति दिन आव्हान गरे ।

भेलामा वडा नम्बर ५ का वडाअध्यक्ष रोहित प्रसाई, कार्यपालिका सदस्य सिता ढुंगानालगायत विभिन्न शैक्षिक संघ संगठनका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो । बिर्तामोड नगरपालिकाले विषयगत शिक्षकहरुको नगरस्तरीय भेला पहिलो पटक आयोजना गरेको हो ।

# सन्दीपको पुनरावेदन मुद्दामा बुधवार फैसला



झापा(प्रस) । बलात्कार आरोपमा जिल्ला अदालत, काठमाडौंबाट दोषी ठहरिएका सन्दीप लामिछाने विरुद्धको पुनरावेदन मुद्दाको बहस मंगलवार नसकिएपछि हेर्दाहेर्दैमा राखिएको छ।

सन्दीपलाई जिल्ला अदालतले आठ वर्ष कैद तोकेको थियो। जिल्लाको फैसलाविरुद्ध सन्दीप र उच्च सरकारी वकीलको कार्यालय दुवै पक्षले पाटन उच्च अदालतमा पुनरावेदन दिएका थिए। सन्दीप पक्ष सफाइको मागसहित र उच्च सरकारी वकीलको कार्यालय सजाय कम भएको भन्दै पुनरावेदनमा गएका हुन्। सरकारी पक्षले युवती नाबालिग भएकाले सन्दीपलाई कम सजाय भएको दाबी पुनरावेदनमा गरेको छ।

न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको इजलासमा यो मुद्दाको सुनुवाइ भइरहेको छ। बुधवार पनि यही इजलासले मुद्दाको छिनोफानो गर्नेछ।

उच्च अदालतका सूचना अधिकारी अर्जुन आचार्यका अनुसार सरकारी वकील पक्षको जवाफी बहस बाँकी छ। बुधवार नै फैसला आउने आचार्यले बताए।

जिल्ला अदालत, काठमाडौंले लामिछानेले युवतीको नाजुक आर्थिक अवस्थाको फाइदा उठाएर बलात्कार गरेको गत पुसमा ठहऱ्याउँदै आठ वर्ष कैद फैसला गरेको थियो। तर मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३७ उपदफा २ बमोजिम थुनछेकका क्रममा जेल चलान नभएका कसूरदारको कैद सजाय १० वर्षभन्दा कम भएमा थुना बाहिरै बसेर पुनरावेदन गर्ने सुविधा छ।

यही व्यवस्था बमोजिम सन्दीपले जेल बाहिरै बसेर पुनरावेदन गरेका हुन्। थुनछेकका क्रममा सन्दीप उच्च अदालतकै आदेशबाट जेलमुक्त भएका थिए।

## सहकारीको..

क्रमैसंग भ्रष्टहरुका पाता फर्काउने भन्ने यसअघिका अभिव्यक्ति स्टन्टबाजी भएको आरोप लगाए । ‘गोडा दुई-एक युट्युवर लिएर अघिपछि दौडाउँदैमा जनताको अभिमत जित्न नसकिने पनि उनले बताए । सहकारीको अर्बौ रुपैयाँ चुर्लुम्म बनाउने व्यक्ति नै बर्तमान सरकारको गृहमन्त्री हुँदा उनको राष्ट्रिय स्वतन्त्र पार्टीबाट जनताले के आशा गर्लान् ? उनले प्रश्न गरे ।

पार्टी पोलिटब्युरो सदस्य भट्टराईले पूर्वमा नेकपा एमालेले प्रदेशको नामांकन गर्ने विषयमा जाहेर गरेको मत इलामको मतपरिणामले सत्य साबित गरिदिएको बताए । प्रदेशको नाम कोशीको विषयमा उठेको राजनीतिक विवाद इलामको मतपरिणामले सही कि गलत भन्ने विषयमा सही जवाफ दिएको उनले बताए । ‘यदि नेकपा एमालेको नेतृत्वमा रहेको तत्कालीन मुख्यमन्त्री हिक्मत कार्की नेतृत्वको सरकारले प्रदेश सभाबाट दुइतिहाईभन्दा धेरै मतले अनुमोदन गरेको कोशी प्रदेशको नाम गलत भन्नेहरूका लागि यो मतपरिणामले जवाफ दिएको बताए । उनले भने,‘ ढुंगा हान्नेहरुले पनि अब धेरै बुझेर पश्चाताप गरे होलान् ।’

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य दीपक कार्कीले झापाका पालिकामा हुने पार्टीको नगर र गाउँ अधिवेशनबाट सहमतिमा नयाँ नेतृत्व चयन हुनुपर्नेमा जोड दिए । विभिन्न गुट उपगुटका साथ कसैको अभीष्ट पूरा गर्नका निमित्त व्यक्तिगत रूपमा कसैले उम्मेदवारी घोषणा गर्दछ भने नेकपा एमालेका लागि त्यो घातक हुने उनले बताए । झापामा कमल गाउँपालिकाबाट सहमतीय नेतृत्व चयन भएको हुँदा जिल्लाका अन्य १४ पालिकाले यसलाई उदाहरणको रुपमा लिन पनि उनले आग्रह गरे ।

नेकपा एमाले झापाका अध्यक्षसमेत रहेका संविधानसभाका सदस्य प्रेम गिरीले स्थानीय तहको बजेट तथा नीति कार्यक्रममा युवामैत्री बजेटका लागि स्थानीय तहलाई खबरदारी गर्न युवालाई सुझाएका छन् ।

कार्यक्रममा युवा संघकी केन्द्रीय सचिव अनिता कन्दङ्वा, युवासंघका केन्द्रीय सचिवालय सदस्य तथा झापा इन्चार्ज खगेन्द्रराज आङदम्बे ,केन्द्रीय सचिवालय सदस्य सागर पोर्तेल, निशा लिम्बूलगायतले बोलेका थिए । कार्यक्रम राष्ट्रिय युवा संघ झापाका संयोजक फुर्वा लामाको अध्यक्षतामा भएको थियो । लामाले ल्याएका सबै प्रस्ताव बैठकका सहभागीले ताली बजाएर पास गरेका थिए । उनले ८ वटा महत्वपूर्ण प्रस्ताव बैठकमा ल्याएका थिए । सो कार्यक्रममा नेकपा एमाले झापाको नयाँ नेतृत्वलाई सम्मान गरिएको छ । पार्टी अध्यक्ष प्रेम गिरी, उपाध्यक्ष शिव ढुंगेल, उपसचिव अनिता कन्दङ्वा, सदस्य निशा लिम्बू, सागर पोर्तेललगायत कार्यक्रममा उपलब्ध जिल्लाका कार्यकारी नेतृत्व तथा जिल्ला सदस्यलाई सम्मान गरिएको थियो । यसअघि राष्ट्रिय युवा संघ नेपालको ३५ औ स्थापना दिवसको अवसरमा शिवसताक्षी नगरको वडा नम्बर १० स्थित लक्ष्मी नारायण मन्दिरका ३० जना वृद्धवृद्धालाई खाद्यान्न सहयोग गरिएको थियो । युवा संघले चामल, दाल, नुन, तेल लगायतका खाद्यान्न प्रदान गरेको थियो ।

# अपांगता भएका व्यक्तिका लागि क्षमता अभिवृद्धि तालिम

इलाम(प्रस) ।अपांगता भएका व्यक्तिहरुका लागि चार दिने क्षमता अभिवृद्धि तालिम मंगलवारदेखि रोङ गाउँपालिकामा शुरु भएको छ । रोङ गाउँपालिका महिला तथा बालबालिका शाखाको आयोजनामा रोङ ३ कुटीडाँडामा तालिम शुरु भएको हो ।

रोङ गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्वोले तालिमको उद्घाटन गर्दै अपांगता भएका व्यक्तिहरुलाई सवल र सक्षम बनाउन त्यस किसिमको तालिम संचालन गरिएको बताए । उनले अधिकारको खोजीसंगै दायित्व बोधसमेत गर्न आग्रह गरे । कार्यपालिका सदस्य तथा अपांगता समन्वय समिति सदस्य इन्दिरा सिलवालको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष स्याङ्वोको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा रोङ ३ का वडा अध्यक्ष मातृका बराल , संयुक्त अपांगता संघका अध्यक्ष रमेश बराललगायतले शुभकामना मन्तव्य राखेका थिए । सि.वि.आर. सहजकर्ता भवानी राईले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य अपांगता सहायता कक्ष सहजकर्ता झुमा फलालीले गरेकी थिइन् । कार्यक्रममा वडा सदस्य लिला राउतको पनि आतिथ्यता रहेको थियो । १६ जना सहभागी रहेको तालिमको सहजकर्ता प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशी रहेका छन् ।


## मोटरसाइकल हरायो

**सवारी धनी :** पाथिभरा अटो लिंक (भुवन कँडेल)
**दर्ता नं.:** Pradesh 03–25 pa 7356 (pradesh 1–01–016 2832)
**मोडेल नं.** :TVS RAIDER 125 cc
**बनेको साल** :2023
**कम्पनीकोनाम** : TVS
**च्यासिस नं.:** :D 625AF33NIe 04909
**इन्जिन नं.:** AF3EN1000877
**सि.सि.** : १२५
**चोरी भएको मिति : २०८१-०१-३१ गते अन्दाजी १२ बजेदेखि ३.३० भित्रमा**
**स्थान : सिद्धार्थ हार्डवेयर बिर्तामोड २ चारपाने अगाडिबाट**

## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट ‘ख’ वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना


कोशी प्रदेश, झापा जिल्ला,कन्काई नगरपालिका वडा नं.७ स्थाई ठेगाना भई हाल कन्काई नगरपालिका वडा नं.७ मा बस्ने श्री हरि प्रसाद पौडेलका छोरा,श्री उत्सव पौडेलको मिति २०७८/०८/१२ गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय दुर्गापुरमा रहेको बचत खाता नम्बर ०२८०१४००१२२६५१००००० १ मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी आमा श्री इन्द्र माया दाहालले मिति०८१/०१/३१ मा यस बैंकसमक्ष निवेदन पेश गरेको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस)दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाणसहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, दुर्गापुर झापा
फोन नं. ०२३-४०११२६

## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

### हात्तीपाइले रोगका लक्षणहरू



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

## पृथ्वी सबैको साझा घर हो । वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं । मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरु:

- हात्ती आएको थाहा पाउने वित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पद्वार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पद्वार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी विजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- विहान तथा साँझको मधुरो प्रकाश भएको वेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि विद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

**थप जानकारीको लागि:**
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बन्ला त संसदीय समिति ?

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले आफूहरूसँग प्रधानमन्त्री पुष्पकमल दाहालले संसदीय छानबिन समिति बनाउने प्रतिबद्धता जनाएको बताएका छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठक अवरोधपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै लेखकले प्रधानमन्त्री प्रचण्डले कांग्रेससँग राष्ट्रपति रामचन्द्र पौडेललाई नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिन आग्रह गरेको र संसदीय छानबिन समिति बनाउन प्रतिबद्धता जनाएको बताए ।संसदीय समिति नबनेसम्म संसद् चल्ने नदिने उनको भनाइ छ ।

नेपाली कांग्रेसको सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न नरोक्ने निर्णय सराहनीय छ । सहकारी ठगीमा संसदीय छानबिन समितिको माग राखेर कांग्रेसले अघिल्लो अधिवेशनदेखि नै संसद्को बैठक अवरुद्ध गर्दैआएको थियो ।

प्रतिनिधि सभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले राष्ट्रपतिले प्रस्तुत गर्ने सरकारको नीति तथा कार्यक्रम प्रस्तुतिमा अवरोध नगर्ने निर्यण गरेर कांग्रेसले संसदीय अभ्यासको मर्यादा पनि राखेको देखियो । गृहमन्त्री रवि लामिछाने संलग्न भएको आरोपमा संसदीय छानबिन समिति गठनको मागमा कांग्रेसले अडान राख्दै आएको छ ।

सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न दिनका लागि प्रमुख विपक्षी दल नेपाली कांग्रेसलाई राजी गराउन प्रधानमन्त्री दाहाल संवादमा लागेका थिए ।

कांग्रेस नेताहरूका लागि पनि राष्ट्रपतिको सम्बोधन अवरुद्ध गर्न सहज पक्कै थिएन । संसदीय अभ्यासका संयुक्त सदनमा राष्ट्राध्यक्षको वार्षिक सम्बोधनमा अवरोध गर्नु मर्यादित कार्य मानिँदैन । नेपाली कांग्रेसले आफूलाई स्थापनाकालदेखि नै संसदीय लोकतन्त्रप्रति प्रतिबद्ध दलका रूपमा प्रस्तुत गर्दै जो आएको छ ।

प्रधानमन्त्री दाहालले कांग्रेस नेताहरूलाई दिएको भनिएको सहकारी ठगीमा संसदीय छानबिन समिति बनाउने आश्वासन पूरा हुन भने सजिलो देखिँदैन । कारण, सत्तारुढ गठबन्धनको प्रमुख घटकहरू नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वले सहकारी ठगीमा संसदीय छानबिन समिति गठन गर्ने मागको चर्को प्रतिवाद गर्दैआएको छ ।

वार्षिक नीति तथा कार्यक्रम र आयव्यय अनुमान (बजेट) प्रस्तुत हुने भएकाले संसद्को बर्खे अधिवेशन अपेक्षाकृत बढी महत्वपूर्ण हुन्छ । यी दुवै अभ्यासमा संसद्को सबैभन्दा ठूलो दल सहभागी नभए सरकारको नैतिक वैधतामा समेत प्रश्न उठ्नेछ । यसैले प्रधानमन्त्री दाहाल कांग्रेसका नेताहरूलाई दिएको वचनप्रति इमानदार हुने अपेक्षा गर्नु अन्यथा हुने छैन ।

सहकारी ठगीमा संसदीय छानबिनको मागमा प्रधानमन्त्रीको प्रतिबद्धता रणनीतिरूपमा प्रयोग गरिएको क्षणिक चतुऱ्याइँमात्र साबित भयो भने संसद् पुनः अवरुद्ध हुने निश्चित प्रायः देखिन्छ । प्रमुख विपक्षले अवरोध गर्दागर्दै पनि बल प्रयोग गरेर प्रस्तावहरू पारित भएको घोषणा गरिएला तर त्यस अवस्था कसैका लागि पनि हितकर हुँदैन ।




# दया होइन सेवा



• सरला सिलवाल

बिरामी हुनु कसैको दयाको पात्र हुनु हो र ? सायद हाम्रो संस्कार र परम्परामा भेट्नेबित्तिकै सञ्चै हुनुहुन्छ भनेर सोध्नुको कारण पनि त्यही होला । हुन त अस्पतालमा भेटेको मानिसलाई सोधिने पहिलो प्रश्न पनि यही हुने गर्छ । नेपालका क्लिनिक र अस्पतालमा हुने भिड र चिकित्सक वा नर्सले नभ्याएर वा दबाबमा रहेर गर्ने व्यवहार जताबाट हेर्दा पनि बिरामी हुनु भनेको निरीह हुनु हो । बिरामी देखेर कसैले बस्ने सिट छाडिदियो वा मिठो वचन मात्रै गरिदियो भने पनि लाख पाएको अनुभूति हुन्छ । अझ चिकित्सकले परीक्षण गर्दै गर्दा देखाउने आत्मीयताले त भनिन्छ बिरामीको आधा रोग नै निको हुन्छ ।

एक तथ्याङ्क अनुसार अहिले पनि नेपालको तीन करोड जनसङ्ख्यामध्ये ८० प्रतिशत मानिस गाउँमा बस्छन् । यीमध्ये झन्डै आधाआधीका लागि स्वास्थ्य सेवा सहजै उपलब्ध छैन । सामान्य उपचारका लागि पनि उनीहरू नजिकको सहर वा सदरमुकाम पुग्नुपर्ने हुन्छ । एउटा नेपालीले स्वास्थ्योपचारमा एक वर्षमा सरदर पुग नपुग पाँच हजार रुपियाँ खर्च गर्छ । सामान्य रोग लागेको मानिस प्राइभेट अस्पताल पुग्यो र एकाध दिन अस्पताल बस्नुपर्ने भयो भने ५० हजार घटीले उम्कन पाउँदैन । बिरामीले पहिले जस्तो गाउँघरमै अकालमा ज्यान गुमाउनुपर्ने अवस्था छैन ।

राज्यले स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रको व्यापक विस्तार गरेको छ । निःशुल्क औषधीको पनि प्रबन्ध गरेको छ । अघिल्लो वर्षको तथ्याङ्क अनुसार नेपालमा अहिले २१५ सार्वजनिक अस्पताल, ८७ प्राथमिक स्वास्थ्य केन्द्र, तीन हजार आठ सय स्वास्थ्य चौकी, सात हजार पाँच सय आधारभूत स्वास्थ्य सेवा केन्द्र छन् । उपचारका उत्कृष्ट सेवा लिन पाउने अवसर पनि यही मुलुकमा छ । त्यो सीमित मानिसका लागि छ । सामान्य र मध्यमस्तरका मानिसले त्यो सेवाको कल्पना पनि नगर्दा हुन्छ ।

यो आलेखमा एउटा बिरामीको कुरुवा बस्दा गरेका अनुभव र अनुभूतिलाई पस्कने कोसिस गरिएको छ । नेपालमा त्यस्ता थोरै अस्पताल होलान्, जहाँ बिरामीलाई अस्पताल पुऱ्याएपछि परिवारका सदस्य वा आफन्तले कुरेर बस्नुपर्ने नहोस् । राज्यले स्वास्थ्य सुरक्षा लिएका विकसित मुलुकमा बिरामी अस्पताल भर्ना गरेपछि डिस्चार्ज नहोउञ्जेलसम्मको दायित्व अस्पतालले वहन गर्छ । उसलाई कुन बेला कुन औषधी चाहिने हो ? कति बेला कस्तो खानेकुरा दिने हो अथवा कति बेला दिसापिसाब गराउनुपर्ने हो ? यी सबै व्यवस्था अस्पताल सेवा अन्तर्गत नै उपलब्ध हुन्छ । राज्यले दिनुपर्ने बिमा रकमले नपुग्ने भए मात्र परिवारका सदस्यको दायित्व हुन्छ ।

स्वास्थ्यलाई मौलिक अधिकार र मुलुकलाई समाजवाद उन्मुख लेखिएको संविधान भएको देशका हामी नागरिकका लागि यो स्वैरकल्पना मात्र हो । हाम्रा अस्पतालमा बिरामीले सेवा पाउनका लागि पहिला टिकट काट्ने लाइनबाट सुरु हुन्छ । प्रयोगशाला परीक्षणका लागि रकम तिर्न लाइन लाग्ने, परीक्षणका लागि पालो पर्खने र रिपोर्ट लिनसमेत कुर्नुपर्ने हैरानीबाट बिरामी वा उसका आफन्त पीडित हुनु पर्छ । त्यसपछि बल्लतल्ल डाक्टरकोमा पुग्यो, उसको रुखो व्यवहारले नभएको रोग पनि थपिन्छ । अझ भर्ना भएका बिरामीले बिहान डाक्टर कति बेला आइपुग्नुहोला र रातभरिको पीडा सुनाउँला भन्ने सोचेर बस्नु पर्छ । किनकि रातभर सेवा दिन खटेका नर्ससँग धेरै समस्याको जवाफ हुँदैन । उनीहरू डाक्टर आएपछि सोध्नु होला भनेर पन्छिन्छन् तर डाक्टर आएर गरिने परीक्षणले बिरामीलाई सन्तुष्ट गराउन सक्दैन । उल्टै उनै नर्सको जिम्मा छाडेर डाक्टर हतारमा अर्को बिरामीको परीक्षणमा जाने गर्छन् । आज डिस्चार्ज भएर घर जान पाइन्छ कि भन्ने आसमा बसेको बिरामी होस् वा उसको कुरुवा, डाक्टरसँग सोधेको प्रश्नको जवाफ समयमा पाउँदैनन् । मानौँ डाक्टरले बोल्ने भनेको ब्रह्मवाक्य हो र त्यो सुन्नका लागि विशेष भेटी चढाउनु पर्छ । जब कि त्यो डाक्टर बिरामीसँग फी असुल गर्न आएको हुन्छ ।

डाक्टर भनेका बिरामीका भगवान् हुन् । त्यसैले डाक्टरका शब्द भुइँमा खस्न नपाउँदै बिरामी त्यसको पालना गर्न तयार भइसकेको हुन्छ । कतिपय डाक्टरको व्यवहारले बिरामीलाई जीवनमा दोहोऱ्याएर अर्को डाक्टर भेट्नु नपरे हुन्थ्यो जस्तो लाग्छ । अर्कातिर नर्स भनेका बिरामीका खास कुरुवा हुन् । कुन बिरामीलाई कति बेला औषधी दिनेदेखि आकस्मिक रूपमा बिरामीलाई थप असहज भएमा डाक्टरसँगको समन्वयमा बिरामीलाई थप उपचार गर्ने दायित्व उनीहरूकै हुन्छ । उनीहरूले एउटा डाक्टरले भन्दा दसौँ गुणा बढी बिरामीको सेवा गरेका हुन्छन् । नर्सले कुरुवासँग गर्ने व्यवहारले अर्को नर्सको अनुहार हेर्नु नपरे हुन्थ्यो भन्ने भान गराउँछ । उनीहरू यति लापर्बाह जवाफ दिन्छन् कि म हिजो ड्युटीमा थिइनँ, मलाई थाहा भएन । यस्ता जवाफले जिम्मेवारी हस्तान्तरणप्रतिको लापर्बाही मात्र झल्कँदैन, बिरामीप्रतिको दायित्वबोधसमेत नभएको आभास गराउँछ ।

यी सहरमा भएका अस्पतालका समस्या हुन् । गाउँघरमा कति डाक्टर र नर्स बस्लान् र त्यहाँका नागरिकले पाउने सेवा कस्तो होला ? अहिले पनि राज्यले निःशुल्क वितरण गर्ने भनिएका औषधी स्थानीय स्वास्थ्य चौकी वा स्वास्थ्य केन्द्रमा उपलब्ध हुँदैनन् । सरकारले नपठाएको हो वा त्यहाँ कार्यरतले अन्यत्र रहेका आफन्तलाई वितरण गरेका हुन् अथवा बजारमा बेचिन्छन् ? सेवा लिन पुगेको नागरिकले यी प्रश्नको जवाफ पाउन सक्दैन । सहरकै अस्पतालका फार्मेसीमा पटक पटक डाक्टरले सिफारिस गर्ने औषधी पाइँदैन र खोज्नका लागि अनेक फार्मेसी चहार्नु पर्छ । गाउँघरमा हुने एकाध औषधी पसलमा खोजिएको औषधी कसरी फेला पर्लान् ? बिरामीले कस्तो उपचार पाउला ? सहरका अस्पतालका दृश्यले गाउँघरका पीडाको सहजै अनुमान गराउँछ ।

समस्या अस्पताल प्रशासनमा मात्र छैन, आमनागरिकमा पनि छ । कुनै मानिस बिरामी भएको थाहा पाएपछि अस्पतालमा नै भेट्न जान पर्छ कि पर्दैन ? हुन त कतिपय बिरामीलाई यस्तो अवस्थामा पनि भेट्न आएन भन्ने लागिरहेको हुन्छ । भेट्न जानेहरूको भिड नियन्त्रण गर्न अस्पताल प्रशासनलाई पनि हम्मे परिरहेको हुन्छ । त्यसरी जाने आफन्त वा शुभेच्छुकले बिरामीको स्वास्थ्य अवस्थाबारे जानकारी लिन चाहनु स्वाभाविक नै हो । बोल्न सक्ने भए ऊ बिरामीकै मुखबाट उसका कथा व्यथा सुन्न चाहन्छ । अन्यथा कुरुवा बस्नेले यस्ता जवाफ दिँदाको हैरानी बेहोर्नु पर्छ ।

कतिपय मानिस खाली हात बिरामी भेट्न जानु हुँदैन भन्ने मान्यता राख्छन् । यो सहयोग भाव सकारात्मक पक्ष हो । बिरामीलाई चाहिएकोभन्दा पनि आफ्नो रुचिका आधारमा लगिने सामानले बिरामीलाई सहयोग नपुग्न सक्छ । हरेक घरपरिवार सानो हुँदै गएको छ । सन्तान घर नहुने समस्या बढ्दै छ । यस्तोमा बिरामी भेट्न जानेले बिरामीकै घरबाट केही लगिदिनुपर्ने छ वा कुरुवालाई पालो दिनुपर्ने छ कि भनेर सोधिदिए मात्र पनि राहत हुन्थ्यो तर सामान्यतः त्यस्तो गरिँदैन । कुनै सामान लैजानुको साटो त्यो किन्न लाग्ने रकम मात्रै दिए पनि सहयोग पुग्ने कति बिरामी अस्पतालमा हुन्छन् । पैसा दिनेभन्दा सामान लैजाने प्रवृत्ति नै ज्यादा छ । एउटा निजी अस्पतालले फूलको गुच्छा वा फलफूल होइन, निश्चित रकमको कार्ड बिरामीका नाममा किनेर प्रशासनमा छाड्न लगाउने गरेको छ । यसरी जम्मा हुने सानो रकमले पनि डिस्चार्ज हुँदै गर्दा बिरामी र उसको परिवारलाई धेरै राहत दिन सक्छ ।

गाउँघर वा सहरकै बिरामीका आफन्त पनि बिरामीको उपचार खर्च जुटाउन नसकेर अत्तालिएका हुन्छन् । कतिपय बिरामीका परिवारमा कसले औषधी किन्ने भनेर दाजुभाइबिच झगडा भएको अस्पतालमा लाइन बस्दासमेत सुनिन्छ । त्यसैले बिरामी भेट्ने नाममा गफिन जाने, घुम्न आए झैँ ठान्ने अथवा बिरामी वा उसको परिवारका लागि हाजिर जनाउन पुग्ने प्रवृत्तिमा सुधार जरुरी छ । राज्यले पनि हरेक नागरिकलाई ज्येष्ठ भत्ता बाँडेर राज्यको ढुकुटी सिध्याउनुको सट्टा कम्तीमा खर्च गर्न नसक्ने वा निश्चित उमेर समूहका वा समुदायका बिरामी नागरिकको उपचारलाई कोष खडा गर्नेतिर सोच्नुपर्ने देखिन्छ । अन्यथा संविधानमा स्वास्थ्यलाई मौलिक हकमा राखेर भद्दा मजाक मात्र भइरहेको छ ।

# बजेटले समेट्नुपर्ने विषय



• प्रेमलकुमार खनाल

मुलुकमा तीव्रताका साथ आर्थिक-सामाजिक विकास गरेर उत्पादन तथा बृहत् रोजगारीका अवसरको सिर्जना गरी स्वाधीन एवं आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै मुलुकलाई समाजवादको दिशामा अगाडि बढाउनुपर्ने अभिभारा सरकारसमक्ष रहेको छ । संविधान अनुसार अब सरकारले संसद्समक्ष नीति तथा कार्यक्रम पेस गरेर जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ । सरकारले आगामी नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्नुपर्ने विषय के के छन् त ?

उत्पादनमा वृद्धि, व्यापक रोजगारीका अवसरको सिर्जना, सुशासन र राष्ट्रियताको संरक्षण तथा संवर्धनलाई प्राथमिकतामा राखेर सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नु पर्छ । जथाभावी विकासका योजना रातो किताबमा समावेश गरेर पुँजीगत खर्च नहुने विगतको परिपाटीलाई पनि अन्त्य गर्नु पर्छ । स्थानीय जनताको आवश्यकता र सहभागितामा आयोजना छनोट गर्ने र उच्च प्रतिफल तथा रोजगारीमूलक विकास आयोजना सञ्चालन गर्न जोड दिनु पर्छ । जनताको निगरानी, अनुगमनमा आयोजनाको सामाजिक परीक्षण गर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्नु पर्छ ।

अर्थतन्त्रको कमजोर अवस्थामा तत्काल प्रतिफल नहुने, उत्पादन नहुने र रोजगारी वृद्धि नहुने पुराना आयोजनामा केही वर्षलाई स्थगित गरी तत्काल प्रतिफल दिने आयोजना मात्रै छनोट गर्नु पर्दछ । स्थानीय विकास पूर्वाधारका लागि सांसद विकास कोषको रकम सोझै प्रदेश र स्थानीय तहबाट योजना तर्जुमा र रकम विनियोजन गरी खर्च गर्ने व्यवस्था गरी सांसदलाई विधायन र योजनाको अनुगमनको काममा केन्द्रित गर्नु पर्दछ । न्यून आय भएका जनता र श्रमिकका लागि रासन कार्डको व्यवस्था गर्नु पर्दछ । स्थानीय तहमा दैनिक उपभोग्य वस्तुको अभाव र महँगी हुन नदिन ७५३ वटै पालिकामा सुपथ मूल्यका सहकारीमूलक पसल स्थापना गरेर सुपथ मूल्य पसलका माध्यमबाट रासन कार्डका आधारमा बिक्रीवितरण र आपूर्ति गरी भोकमरी र अभाव हुन नदिने व्यवस्था गर्नु पर्छ ।

जनउपयोगी सार्वजनिक संस्थानको संघीयताको मर्म अनुरूप संघ, प्रदेश तथा स्थानीय तहका सरकार तथा बैङ्कको स्वामित्व रहने गरी पुनर्संरचना गरेर कृषि सामग्री, बीउबिजन, कृषि औजार, दुग्धजन्य, खाद्यान्न, औषधीजन्य, साझा यातायातलगायतका संस्थानको पुनर्संरचना गरेर यिनको संरचना र सेवा स्थानीय तहसम्म विस्तार गरेर सेवा प्रवाहलाई सर्वसुलभ बनाउनु पर्दछ । सार्वजनिक संस्थानको सञ्चालन, नियमन र अनुगमनका लागि स्वतन्त्र एवं स्वायत्त निकाय स्थापना गरेर राजनीतिक हस्तक्षेपलाई अन्त्य गर्नु पर्दछ । सरकारी लगानीमा कृषिजन्य रासायनिक मल कारखाना, चिनी उद्योग, पशुपन्छी आहारा, कपडा कारखाना, औषधीजन्य उद्योग, जडीबुटी उद्योग, रबर उद्योग, कपास खेती आदि क्षेत्रमा नयाँ सार्वजनिक संस्थान स्थापना गर्नु पर्छ ।

बाढी, पहिरो, आगलागीका बखत क्षति बेहोर्नु परेका किसान र साना व्यवसायी, मझौला एवं ठुला व्यवसायीका लागि क्षतिपूर्ति र राहत दिन ठोस नीति बनाएर कार्यान्वयन गर्नु पर्छ । रोजगारीको अवसर नपाएका, रोजगारीका लागि विदेश जान बाध्य भएका बेरोजगार एवं गरिब परिवारका लागि एकीकृत तवरमा एक 'बृहत् रोजगार मूलक कोष' खडा गरी घुम्ती सिपमूलक तालिम प्रदान गरेर सुपथ दरमा स्वरोजगार बन्न स्थानीय तहहरूको सिफारिसमा स्थानीय बैङ्कहरूबाट नै पुँजी प्रदान गर्नु पर्छ । कृषि क्षेत्रमा वैदेशिक लगानीलाई निरुत्साहित गर्नु पर्दछ र सरकारबाट उच्च प्राथमिकता दिई लगानीमा वृद्धि गर्नु पर्छ ।

यस्तै कृषिमा उच्च प्राथमिकता दिएर किसानलाई लगानी गर्न बैङ्कलाई प्रोत्साहित गर्नु पर्छ । बैङ्कहरूले प्रदान गर्ने सुपथ दरको कर्जामा सरकारी अनुदानलाई सुनिश्चित गर्नु पर्दछ । कृषि बाली उत्पादनका लागि बाली लगाउनु कम्तीमा एक महिनाअघि जैविक, प्राङ्गारिक र रासायनिक मल स्थानीय वडाका सहकारी संस्थाबाट नै प्राप्त गर्ने व्यवस्था हुनु पर्छ । उखु किसानको उत्पादनको मूल्य तत्काल बिक्री स्थानबाट नै भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्छ । किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको उत्पादन भित्र्याउनु कम्तीमा एक/दुई महिनाअघि समर्थन मूल्य निर्धारण गरी किसानको उत्पादित वस्तुको बजारको सुनिश्चितता गर्नु पर्छ ।

भूमि बैङ्कका नाममा दलाल पुँजीवादलाई प्रोत्साहन गर्ने र किसानलाई भूउपयोगबाट बेदखल गर्ने कार्यको अन्त्य गरी भूमिहीन किसान, सुकुमवासी र कृषि उत्पादनमा सामूहिक खेती, फर्मका लागि जग्गा उपलब्ध गराएर कृषि उत्पादन वृद्धिमा जोड दिनु पर्छ । आवासविहीनका लागि जनता आवास योजना अन्तर्गत सुरक्षित आवासको व्यवस्था गर्नु पर्छ । कृषि र पशुपालनमा प्राविधिक सहयोग प्रदान गर्न स्थानीय तहमा जनशक्ति व्यवस्थापन गरी वडास्तरमै कृषि र भेटेनरी प्राविधिकको सेवा उपलब्ध गराउने व्यवस्था हुनु पर्छ । संघस्तरबाटै हरेक वडामा दुई कृषि प्राविधिक (कृषि र पशुपन्छी) को व्यवस्था गर्नु पर्छ ।

औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रमा काम गर्ने श्रमिक र सरकारी कार्यालयमा कार्यरत झन्डै ६० हजार अस्थायी, ज्यालादारी र करारका कर्मचारीलाई सामाजिक सुरक्षाको ग्यारेन्टी गर्न सरकारले बजेटमा रकम विनियोजन गर्नु पर्छ । सरकारी विद्यालयमा कार्यरत कर्मचारी र इसिडीका शिक्षक, गाउँपालिकामा कार्यरत कृषि प्राविधिकलगायत श्रमिक पेसाकर्मीले सरकारले निर्धारण गरेको न्यूनतम तलबमान भुक्तानी पाउने गरी बजेटमा व्यवस्था गर्नु पर्छ । यस्तै श्रमिकलाई जीवन धान्न पुग्ने तलब, ज्यालाको व्यवस्था गर्नुपर्ने र सरकारी तथा निजी क्षेत्रमा समान खालको तलब ज्याला प्रणाली लागु गर्नु पर्छ ।

हरेक दुई वर्षमा तलब ज्याला वृद्धिको सुनिश्चितता हुनु पर्छ । श्रम क्षेत्रमा उत्पन्न समस्यामा तत्काल द्विपक्षीय, त्रिपक्षीय सहमति गराएर तत्काल समाधान गर्न, सामूहिक सौदाबाजीलाई प्रवर्धन गर्न, श्रम नीति तर्जुमा गरी कार्यान्वयन गर्न आदिका लागि अधिकारसम्पन्न राष्ट्रिय श्रम आयोग गठन गर्नु पर्छ । स्वास्थ्य सेवा अत्यन्त महँगो भएकाले श्रमिक वर्ग स्वास्थ्य उपचारबाट वञ्चित रहँदै आएका छन् । यही कुरालाई ध्यान दिँदै श्रमिकका लागि श्रमिक बहुल क्षेत्रमा सात वटै प्रदेशमा श्रमिक अस्पताल स्थापना गर्नु पर्छ । सरकारले उत्पादन र रोजगारी वृद्धि हुने क्षेत्रमा व्यापक लगानी वृद्धि गर्न उत्पादन र रोजगारी वृद्धिका लागि एकीकृत राष्ट्रिय कोष खडा गरी उत्पादन र रोजगारी वृद्धिको राष्ट्रिय अभियान सञ्चालन गर्नु पर्छ ।

बिचौलियाराजको अन्त्य गर्न, किसानले उत्पादन गरेको फसलको बजार र मूल्यको सुनिश्चित गर्न ७५३ वटै पालिकामा संघ सरकारको नीति, कार्यक्रम र स्थानीय सरकारको व्यवस्थापनमा सहकारीमूलक कृषि उपज खरिदबिक्री केन्द्र स्थापना गर्नु पर्छ । हरेक वडास्तरमा स्वास्थ्य उपचार सेवाका लागि डाक्टर, नर्स, स्वास्थ्य प्राविधिक, मातृशिशु सेवा, ल्याब र औषधी वितरणको व्यवस्थालाई प्रभावकारी बनाउनु जरुरी छ । जिल्ला तहमा नै उच्च शिक्षा हासिल गर्न सरकारी तथा सामुदायिक क्याम्पसको स्तरोन्नति र विस्तार गर्ने अभियान अगाडि बढाउनु पर्छ ।

राष्ट्रिय हितको सुनिश्चितता हुने गरी सर्तरहितको वैदेशिक सहयोग निश्चित अवधिसम्म लिने र राष्ट्रिय हितविपरीत तथा सुरक्षामा आँच पुग्ने विदेशी सहयोग र अनुदानलाई निरुत्साहित गर्नु पर्छ । स्वदेशी उद्योगलाई प्रोत्साहन गर्न आयातित कच्चा पदार्थमा न्यून दरको भन्सार शुल्क लाग्ने व्यवस्था गर्नु पर्छ । विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गरी पेट्रोल, डिजेलबाट चल्ने सवारीसाधनलाई निरुत्साहित गरी व्यापार घाटा न्यून गर्ने नीति अवलम्बन गर्नु पर्दछ । सरकारी कार्यालयमा सुविधासम्पन्न माइक्रोबस प्रयोगमा ल्याएर उच्च तहका कर्मचारीसहित सबै कर्मचारीका लागि परिवहनको व्यवस्था गर्नु पर्छ ।

देशका प्रमुख सहरहरू तथा सडक सञ्जाल भएका जिल्लामा साझा बस सञ्चालन गरेर सार्वजनिक यातायातलाई सस्तो, सुरक्षित र भरपर्दो बनाउनु पर्छ । विगतमा भएका असमान र राष्ट्रिय हितविपरीतका सन्धि, सम्झौताको खारेजी र पुनरावलोकन गरेर राष्ट्रिय हित अनुरूप नयाँ सन्धि सम्झौता गर्न वार्ता/छलफल अगाडि बढाउनु पर्दछ । सीमा सुरक्षाका लागि सीमा क्षेत्रमा आवतजावत गर्ने छिमेकी मुलुकसँग संवाद, छलफल गरी नयाँ व्यवस्था लागु गर्नु पर्छ । नेपालको भूभागसहितको नक्सा पाठ्यक्रममा समावेश गरेर अध्ययन-अध्यापनको व्यवस्था मिलाउनु पर्दछ । राष्ट्रियतालाई बलियो बनाउने, जनसंख्या अतिक्रमणलाई नियन्त्रण गर्ने गरी नागरिकता वितरण नीति अवलम्बन गरेर वास्तविक नेपालीले नागरिकता पाउने व्यवस्था गर्नु पर्छ । नागरिकता वितरण र अभिलेखीकरणलाई व्यवस्थित गर्नु पर्दछ । मुलुकको आर्थिक विकासलाई अगाडि बढाउँदा देशको प्राकृतिक स्रोत, साधन, जलसम्पदा, वनजङ्गल, खानी, खनिज आदि क्षेत्रको परिचालन गर्दा नीति नियममा सुधार गरेर राष्ट्रिय हित, समुदायको स्वामित्व र सहभागितालाई विशेष ध्यान दिनु पर्छ ।

## राष्ट्रपतिद्वारा...

भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरिनेछ। गुठीलगायत सबै जग्गाको दोहोरो स्वामित्वसम्बन्धी समस्या समाधान गरिनेछ।

- डढेलो, सुक्खा, बाढी व्यवस्थापन र जल पुनर्भरण गर्न चुरे क्षेत्र र भित्री मधेसका स्थानीय तहहरूमा स्थानीय सामग्री प्रयोग गरी कम्तीमा १० वटा जलाशय निर्माण गरिनेछ।
- कर्णाली प्रदेशको प्राकृतिक स्रोतलाई स्थानीय जनताको समृद्धिमा उपयोग गर्न स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा कृषि र वन पैदावारमा आधारित 'समृद्ध कर्णाली उद्यमशीलता कार्यक्रम' सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका राष्ट्रिय नीति तथा कार्ययोजना कार्यान्वयन गरिनेछ। 'जलवायु परिवर्तन, हिमाल र मानवजातिको भविष्य' विषयमा अन्तर्राष्ट्रिय संवाद आयोजना गरिनेछ। जलवायु परिवर्तनबाट परेका असरलाई एकीकृत र सन्तुलित रूपमा सम्बोधन गर्न 'राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम' सञ्चालन गरिनेछ।
- दैलेखमा पेट्रोलियम पदार्थ अन्वेषणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ।
- नवप्रवर्तन र स्टार्टअप राष्ट्रिय अभियान सञ्चालन गरिनेछ। तीनै तहका सरकारका साथै निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय स्टार्टअप उद्यम नीतिको कार्यान्वयन गरिनेछ। आगामी आर्थिक वर्ष कम्तीमा एक हजार युवालाई स्टार्टअप व्यवसाय सञ्चालन गर्न सहुलियत कर्जा प्रदान गरिनेछ।
- आगामी आर्थिक वर्ष कम्तीमा एक हजार लघु, घरेलु तथा साना उद्योगीलाई ब्याजमा अनुदान तथा प्रविधि उपलब्ध गराइनेछ।
- गोरखामा एग्रो इण्डस्ट्रियल पार्क, सुदूरपश्चिम प्रदेशमा मेगा फुड पार्क तथा कर्णाली प्रदेशमा खाद्य तथा फलफूल प्रशोधन केन्द्रको स्थापना गरिनेछ। घरेलु मदिराको गुणस्तर सुनिश्चित गरी नियन्त्रित उत्पादन, ब्राण्डिङ तथा निर्यात गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- उपभोक्ताको संवैधानिक अधिकार प्रत्याभूति गर्न उपभोक्ता अदालत गठन गरिनेछ।
- राष्ट्रिय पर्यटकीय गन्तव्य प्रोफाइल तयार गरी पर्यटकीय गन्तव्यको पहिचान, विकास र प्रवर्द्धन गरिनेछ।
- हलिउड तथा बलिउडलगायतका अन्तर्राष्ट्रिय चलचित्र निर्मातालाई नेपालमा चलचित्र छायाङ्कनका लागि आकर्षित गरी चलचित्र पर्यटन प्रवर्द्धन गरिनेछ।
- पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गरिनेछ।
- जानकी मन्दिर लगायतका महत्वपूर्ण सम्पदालाई विश्वसम्पदा सूचीमा समावेश गर्न पहल गरिनेछ। बुद्ध परिपथ, शिव परिपथ, रामायण परिपथ, किराँत सांस्कृतिक परिपथको मार्ग निर्धारण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
- 'परिवर्तनका लागि कला र साहित्य कार्यक्रम' सञ्चालन गरिनेछ।
- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक निर्माण विसं २०८३ भित्र सम्पन्न गरिनेछ। आगामी आर्थिक वर्षभित्र नागढुङ्गा सुरुङमार्ग र ग्वार्को ओभरपास सञ्चालनमा ल्याइनेछ।
- पूर्वपश्चिम विद्युतीय रेलमार्गको बर्दिवास-चोचा खण्डको निर्माण सम्पन्न गरिनेछ। केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिनेछ। रक्सौल-काठमाडौं रेलमार्गको लगानी विधि निक्यौंल गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइनेछ।
- सुनकोशी र नारायणी नदीमा टर्मिनलसहितको जलमार्ग निर्माण गरिनेछ। समुद्रमा सञ्चालन हुने पानीजहाज नेपालमा दर्ता हुने कानुनी प्रबन्ध गरिनेछ।
- निजी क्षेत्रले समेत जग्गा विकास कार्यक्रम सञ्चालन गर्नसक्ने नीतिगत व्यवस्था गरिनेछ।
- क्लस्टर सिटीको अवधारणामा लुम्बिनी, पोखरा र जनकपुरमा एकीकृत सहरी पूर्वाधार निर्माण गरिनेछ।
- आगामी आर्थिक वर्षभित्र राष्ट्रिय प्रणालीको कुल विद्युत् जडित क्षमता चार हजार पाँच सय मेगावाट र प्रतिव्यक्ति विद्युत् खपत चार सय ५० किलोवाट घण्टा पुऱ्याइनेछ।
- बूढीगण्डकी र नलसिङगाड जलाशययुक्त आयोजनाको निर्माण कार्य अगाडि बढाइनेछ। दुधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माणपूर्वका कार्य सम्पन्न गरिनेछ। माथिल्लो अरुण, फुकोट कर्णाली, तामाकोशी-५, जगदुल्ला, चैनपुर सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनसहित कार्यान्वयन सुरु गरिनेछ।
- हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको निर्माण सम्पन्न गरिनेछ। बूढीगण्डकी कोरिडोर प्रसारण लाइनको निर्माण सुरु गरिनेछ। न्यू बुटवल-गोरखपुर खण्डको प्रसारण लाइन निर्माण कार्य अघि बढाइनेछ। इनरुवा-पूर्णिया र दोदोधारा-बरेली अन्तरदेशीय प्रसारण लाइनको लगानी विधि तय गरी निर्माण प्रारम्भ गरिनेछ।
-सिँचाइ, कृषि र कृषिमा आधारित उद्योगले खपत गर्ने विद्युत्मा सहुलियत प्रदान गरिनेछ।
- महिलालाई आर्थिक रूपमा सक्षम, सबल र सशक्त बनाउन 'प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम' सञ्चालन गरिनेछ। सबै प्रहरी चौकीमा महिला सहायता कक्षको व्यवस्था गरिनेछ।
- बालसुधार गृहमा रहेका सबै बालबालिकाको निःशुल्क स्वास्थ्य बिमा गरिनेछ। विसं २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाइनेछ।
- ज्येष्ठ नागरिकलाई स्थानीय तहमार्फत घरमा नै नियमित स्वास्थ्य परीक्षण एवं औषधि उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- आगामी पाँच वर्षभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चित गरिनेछ। गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न ' एक पालिका एक स्मार्ट विद्यालय' अवधारणा कार्यान्वयनमा ल्याइनेछ।
- विपन्नलक्षित छात्रवृत्ति १२ कक्षासम्म विस्तार गरिनेछ। उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई सरकारी कार्यप्रणालीको आधारभूत तालिम प्रदान गरिनेछ।
- माध्यमिक विद्यालयमा अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकको अभावपूर्ति गर्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई मूल्याङ्कनसहितको शिक्षण इन्टर्नसिपमा पठाउने प्रबन्ध गरिनेछ।
- सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा तीन सय शय्या क्षमताको मेडिकल कलेज र प्राज्ञिक कार्यक्रम यसै वर्ष सञ्चालनमा ल्याइनेछ। उदयपुर, मोरङ, पर्सा, चितवनलगायत देशका अन्य स्थानमा मेडिकल कलेज स्थापना तथा सञ्चालनका लागि आवश्यक तयारी गरिनेछ।
- वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, कान्ति बाल अस्पताललगायत पर्याप्त जनशक्ति उपलब्ध भएका अस्पतालहरूमा दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गरिनेछ।
- प्रत्येक प्रदेशका कम्तीमा एक संघीय अस्पताल र कम्तीमा दुई अन्य अस्पतालमा टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ।
- देशभरका सरकारी, गैरसरकारी लगायत सबै सङ्गठित क्षेत्रलाई स्वास्थ्य बिमामा अनिवार्य आबद्ध हुने व्यवस्था गरिनेछ।
- वैदेशिक रोजगारबाट फर्केका नागरिकका सिप र व्यावसायिक दक्षताका आधारमा उद्यमशीलता विकास तथा रोजगारी सिर्जना गर्न प्रदेश तथा स्थानीय तह एवं वैदेशिक रोजगार बोर्डसमेतको संलग्नतामा व्यवसाय सञ्चालन गर्न 'रिटर्नी उद्यमशीलता कार्यक्रम' कार्यान्वयन गरिनेछ।
- सरकारी र निजी प्रतिष्ठानमा अनिवार्य श्रम अडिट गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ। अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई औपचारिकीकरण गर्न राष्ट्रिय रणनीति तर्जुमा गरिनेछ।
- विभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवाहरू एकै स्थानबाट प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिक सेवा केन्द्र सञ्चालनमा ल्याइनेछ।
- नेपालको आफ्नै भू-उपग्रह स्थापना गर्ने कार्य अघि बढाइनेछ। डाटा सेन्टरको निर्माण र सञ्चालनसम्बन्धी मापदण्ड तयार गरिनेछ। सूचना प्रविधि राष्ट्रिय ज्ञानपार्क स्थापनाको कार्य अगाडि बढाइनेछ।
- सार्वजनिक निकायमा प्रयोग भइरहेका हार्डवेयर, सफ्टवेयर, नेटवर्क, साइबर सुरक्षालगायतका सूचना प्रविधि प्रणालीहरूको प्राविधिक परीक्षण गरिनेछ।
- सूचना प्रविधिलाई डिजिटल रूपान्तरणको आधारको रूपमा लिई सामाजिक-आर्थिक रूपान्तरण एवं समृद्धि हासिल गर्न आगामी दशकलाई सूचना प्रविधि दशकको रूपमा अगाडि बढाइनेछ।
- सूचना प्रविधि उद्योगलाई रोजगारी र सेवा निर्यातको प्रमुख क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरी नेपाललाई ग्लोबल सूचना प्रविधि हबको रूपमा विकास गरिनेछ। काठमाडौं उपत्यका र प्रत्येक प्रदेशका उपयुक्त स्थानमा सूचना प्रविधि वर्कस्टेसन सञ्चालन गरी कम्तीमा ५ हजार रोजगारी सिर्जना गरिनेछ।
- अत्याधुनिक, गुणस्तरीय र प्रतिस्पर्धी मुद्रणको व्यवस्था गरी अन्तःशुल्क स्टिकर, हुलाक टिकट, सवारी चालक अनुमतिपत्र, राहदानीजस्ता सुरक्षण मुद्रण स्वदेशमै हुने प्रबध मिलाइनेछ।
- विभिन्न विषय क्षेत्रका एक हजार प्रतिभावान युवालाई फेलोसिप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- आगामी आर्थिक वर्षमा दसौं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ। आधुनिक प्रविधियुक्त इ-स्पोर्टसको अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरिनेछ।
- काठमाडौंको मूलपानी, मोरङको विराटनगर र कैलालीको फाप्ला क्रिकेट रङ्गशाला निर्माणलाई तीव्रता दिइनेछ। चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रङ्गशालाको निर्माण सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा अघि बढाइनेछ। कीर्तिपुर क्रिकेट रङ्गशालाको स्तरोन्नतिसहित थप निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ।
- सबै तहका प्रहरी कर्मचारीको सेवानिवृत्त हुने अवधि पुनरावलोकन गरी बढुवा प्रणालीलाई अनुमानयोग्य बनाइनेछ।
- प्रदेशसँगको समन्वयमा खुला कारागार सञ्चालन गरिनेछ।
- राष्ट्रिय परिचयपत्र प्रणालीलाई राज्यबाट प्रवाह हुने सबै प्रकारका नागरिक सेवासुविधासँग आबद्ध गरिनेछ। नागरिक सेवासँग सम्बन्धित सबै सरकारी विद्युतीय प्रणालीलाई नागरिक एपमा आबद्ध गरी मोबाइलबाटै अधिकांश सेवा लिन सकिने व्यवस्था मिलाइनेछ।
- गाँजाको औषधीजन्य उपयोग, नियन्त्रित उत्पादन र व्यवसायीकरणलाई प्रोत्साहन गर्न नीतिगत र कानूनी प्रबन्ध गरिनेछ।
- राष्ट्रका लागि आवश्यक सुरक्षा तथा प्रतिरक्षा सामग्री, अत्यावश्यक गोलीगठ्ठा, विस्फोटक पदार्थ, लत्ताकपडा लगायत अन्य सैन्य सामग्री उत्पादनमा आत्मनिर्भरता हासिल गर्दै जाने नीति लिइनेछ।
- प्रदेश र स्थानीय तहसँगको समन्वयमा निःशुल्क कानुनी सहायतासम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाइनेछ।
- शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम शीघ्र सम्पन्न गरिनेछ। शान्ति प्रक्रिया र द्वन्द्व रूपान्तरणका क्रममा भएका सहमति, समझदारी एवं सम्झौताको एकीकृत अभिलेख तयार गरिनेछ। जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनलगायत विभिन्न राजनीतिक परिवर्तनको आन्दोलनका घाइते तथा अपांगको सूची अद्यावधिक गर्न र समस्याको दिगो समाधान गर्न उच्चस्तरीय समिति गठन गरिनेछ।
- सशस्त्र द्वन्द्व तथा जनआन्दोलनका घाइते र अपांगता भएकालाई जीवननिर्वाह भत्ता वितरण तथा द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, उपचार, आवश्यक उपकरण, शिक्षा, रोजगारी, स्वरोजगारका अवसर र आर्थिक सहायता उपलब्ध गराई पुनःस्थापना र परिपूरणलगायतका कार्य गर्न शान्ति कोषको व्यवस्था गरिनेछ।
- राजनीतिक परिवर्तनका लागि सशस्त्र संघर्ष लगायतका आन्दोलनका योद्धाहरूलाई गणतान्त्रिक योद्धा सम्मान प्रदान गर्ने व्यवस्था मिलाइनेछ। द्वन्द्वका क्रममा अपाङ्ग भएका व्यक्तिहरूको अपाङ्गता प्रतिशतलाई पुनरावलोकन तथा पुनर्निर्धारण गरी औषधोपचारका लागि राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताललाई डेडिकेटेड अस्पतालका रूपमा तोकिनेछ।
- जाजरकोट, बझाङ, डोटी केन्द्रबिन्दु बनाई गएका भूकम्पबाट क्षति भएका निजी आवास तथा सार्वजनिक संरचनाको प्रबलीकरण, पुनर्निर्माण र पुनःस्थापना कार्य शीघ्र सम्पन्न गरिनेछ।
- संघीय निजामती सेवा कानुन यथाशीघ्र कार्यान्वयनमा ल्याईनेछ।
- सरकारी सेवाप्रवाहमा टोकन र टाइम कार्ड प्रणाली लागु गरिनेछ।
- दलित समुदायका परम्परागत सिप, ज्ञान र पेसालाई आधुनिकीकरण एवं व्यवसायिकीकरण गर्न सातवटै प्रदेशमा 'शिल्पी उद्यमशीलता विशेष कार्यक्रम' सञ्चालन गरिनेछ। मुस्लिम, पिछडिएका वर्ग र आदिवासी जनजातिको उत्थानका लागि विशेष कार्यक्रम कार्यान्वयन गरिनेछ।
- ठगी, मिटर ब्याजलगायतका अनुचित लेनदेन, जालसाजीजस्ता आर्थिक तथा वित्तीय अपराध र सार्वजनिक सम्पत्ति एवं स्रोतसाधनको अनुचित दोहनजस्ता गैरकानुनी कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ।
- प्रवासमा बस्ने नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न आवश्यक कानुनी एवं व्यवस्थापकीय प्रबन्ध मिलाइनेछ।
- पूर्व राजपरिवारको स्वामित्वको सम्पत्ति खोजबिन तथा संरक्षणलाई निरन्तरता दिनुका साथै प्राप्त सम्पत्तिको समुचित उपयोगका लागि व्यावसायिक तथा रणनीतिक योजना बनाई कार्यान्वयन गरिनेछ।
- राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, रणनीतिक पूर्वाधार एवं सामाजिक-आर्थिक रूपान्तरणका आधारभूत विषयमा राष्ट्रिय सहमति निर्माण गरिनेछ। सीमा समस्या समाधानका लागि कूटनीतिक पहल गरिनेछ।
- तराई-मधेस क्षेत्रमा थोक वितरण प्रणालीमार्फत खानेपानी आपूर्ति गर्न विस्तृत अध्ययन गर्नुका साथै डिप ट्युबवेल जडान गरी खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- मेलम्ची खानेपानी आयोजनाबाट बाह्रै महिना खानेपानी आपूर्ति हुने व्यवस्था मिलाई काठमाडौं उपत्यकाको चक्रपथ बाहिर र भक्तपुर जिल्लाको अरनिको राजमार्गसँग जोडिएका क्षेत्रमा क्रमशः खानेपानी आपूर्ति गरिनेछ। काठमाडौं उपत्यकाको खानेपानी समस्याको दिगो समाधान गर्न शिवपुरी राष्ट्रिय निकुञ्जलगायतका जलाधार क्षेत्रमा रहेका स्रोतबाट पानी संकलन गरी वितरण गर्ने प्रबन्ध मिलाइनेछ।

राष्ट्रपतिबाट सरकारको वार्षिक बजेटअघि संघीय संसद्को दुवै सदनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अभ्यास रहँदै आएको छ।

संयुक्त बैठकका विशेष अतिथिका रुपमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, पूर्वसभामुख अग्निप्रसाद सापकोटा, संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका मुख्यसचिव डा. वैकुण्ठ अर्याल, प्रधानसेनापति प्रभुराम शर्मा, नेपालस्थित कूटनीतिक नियोगका प्रतिनिधि, निजी क्षेत्रका प्रतिनिधि, नागरिक समाजका अगुवा, सञ्चार क्षेत्रका व्यक्तिहरु उपस्थित थिए।

## बजेटले...

नेपाल ट्रस्टमा रहेको जग्गा व्यक्ति वा कम्पनीलाई होइन, सहकारीमा आधारित फर्म/समूहलाई लिजमा दिएर उत्पादन र रोजगारी वृद्धिमा परिचालित गर्नु पर्छ। ज्येष्ठ नागरिकका लागि हरेक स्थानीय तहका वडास्तरसम्म क्रमशः ज्येष्ठ आरोग्य केन्द्र स्थापना गरी सञ्चालन गर्नु पर्छ।

सरकारले मितव्ययिता कायम गर्न र आर्थिक अनुशासन कायम गर्न सार्वजनिक खर्च पुनरवलोकन आयोगको प्रतिवेदनलाई लागु गर्नु पर्दछ र विगतमा बहुदलीय व्यवस्था पुनर्स्थापनायता अनियमितता र भ्रष्टाचार गर्नेलाई कडा कारबाही गर्ने, राज्यकोषबाट पारिश्रमिक पाएर अनियमित ढङ्गबाट अकुत धनसम्पत्ति कमाउने राष्ट्रसेवक कर्मचारी र राजनीतिज्ञको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्नु पर्दछ। प्रेस स्वतन्त्रता, वाक् स्वतन्त्रता, गोपनीयता हकको स्वतन्त्रताको सुनिश्चित गरी श्रमजीवी पत्रकारको हक, हित, सेवा सुरक्षा र न्यूनतम पारिश्रमिक र सुविधाको सुनिश्चितता गरिनु पर्छ।

निर्वाचन प्रणालीमा सुधार गरी खर्चिलो, भड्किलो र मतदाता किनबेचलाई नियन्त्रण गर्ने गरी कानुनमा सुधार गर्नु पर्दछ। राष्ट्रसेवक कर्मचारी, श्रमिक, मजदुरलाई कार्यस्थलबाट नै मतदान गर्ने व्यवस्था मिलाइनु पर्दछ। सरकारले उल्लिखित नीति तथा कार्यक्रम लागु गरेर नै संविधानको सुदृढीकरण गर्ने र मुलुकमा सुशासनका मूल्य मान्यताका आधारमा राज्य सञ्चालन गर्ने आधार तयार हुने छ र माथि उल्लिखित सुधारका कार्यक्रम लागु गरेर मुलुकमा समाजवादको आधार निर्माण गर्ने दिशामा मुलुक अगाडि बढ्ने विश्वास लिन सकिन्छ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस्।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस्।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष**: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।

**वृष**: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। सौन्दर्यतामा धन खर्च हुनेछ।

**मिथुन**: सुखदुःख बराबरी खालको समय रहनेछ। सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ।

**कर्कट**: जोशजाँगर र उमङ्ग बढ्नेछ। नयाँ काममा हात हाल्ने समय छ।

**सिंह**: सरकारी निकायको भय रहला। शेयर बजारले पनि साथ नदेला।

**कन्या**: मिष्ठान्न भोजन प्राप्ति होला। तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला**: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला।

**वृश्चिक**: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ।

**धनु**: आजको दिन उत्साहपूर्ण रहनेछ। विद्या र बुद्धिको विकास हुनेछ।

**मकर**: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। राजनैतिक कार्यमा सफलता मिल्नेछ।

**कुम्भ**: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ। सामान हराउने भय पनि छ।

**मिन**: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ। एउटै कामबाट दोहोरो लाभ